# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८३।०४।२१ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला रूकुम पश्चिम, आठबीसकोट नगरपालिका वडा नं. ९ बस्ने जनक बटालाले आठबीसकोट दुग्ध सहकारी नामक डेरी सञ्चालन गर्ने भनी नगरपालिकाबाट लाखौं रकम लिई दुई वर्ष बितिसक्दा पनि सञ्चालन नगरेको र हाल डेरीको नाममा सरकारी गाडी निकाली व्यक्तिगत कार्यमा प्रयोग गरिरहेकोले कारवाही हुन भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा पशु अस्पताल तथा पशु सेवा कार्यालय, रूकुम पश्चिमबाट आ.व.२०७६/०७७ मा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशले दुग्ध व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७६ विपरीत बदि्नयतपूर्वक प्रस्ताव मूल्याङ्कनको क्रममा मूल्याङ्कनमा व्यवस्था भए बमोजिम भए गरेको कुराको वस्तुनिष्ठ मूल्याङ्कन नगरी नगराई गलत मूल्याङ्कन गरेको, आठबीसकोट दुग्ध सहकारी संस्था लि.सँग अनुदान उपलब्ध गराउन सम्झौता गरी अनुदानको लागि योग्यता नै नपुगेको सहकारी संस्था छनौट गरी कार्यविधि तथा सम्झौताका शर्त विपरीत आठबीसकोट दुग्ध सहकारी संस्था लि.लाई गैरकानूनी लाभ हुनेगरी चिस्यान केन्द्र निर्माण अनुदान रकम रू.९१,१७,८७३/—(एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रूपैयाँ) रकम उपलब्ध गरे गराएको तथा आठबीसकोट नगरपालिकाबाट समेत उक्त आठबीसकोट दुग्ध सहकारी संस्था लि.लाई नै चिस्यान केन्द्र स्थापना भएको दुई वर्षसम्म पनि संचालनमा नआएको थाहा पाउँदा पाउँदै नेपाल सरकारको अनुदान दुरूपयोग भैरहेको अवस्थामा थप दुरूपयोग हुने गरी रकम रू.८०,२३,०५१/-(असी लाख तेइस् हजार एकाउन्न रूपैयाँ) बराबरको अनुदानमा एउटा मिल्क ट्याङ्कर र दुई वटा सिङ्गल क्याव गाडी उपलब्ध गराई प्रयोग बिहिन अवस्थामा राखेको देखिएकोले पशु अस्पताल तथा पशु सेवा कार्यालयका कर्मचारीहरू तथा आठबीसकोट नगरपालिकाका पदाधिकारी तथा कमर्चारीहरूले बदि्नयतपूर्वक आठबीसकोट दुग्ध सहकारी संस्था लि.लाई गैरकानूनी लाभ र नेपाल सरकार/प्रदेश सरकार तथा आठबीसकोट नगरपालिकालाई गैरकानुनी हानि हुनेगरी अनुदान उपलब्ध गराएको र अनुदान प्राप्त गर्ने सहकारीले उक्त अनुदानको हिनामिना, हानिनोक्सानी गरेको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरूउपर देहायबमोजिमको सजाय हुन मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय:**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | आठबीसकोट नगरपालिका रूकुम पश्चिमका नगर प्रमुख **रवी के.सी.** | रू.८०,२३,०५१।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो असी लाख तेइस हजार एकाउन्न रूपैयाँ बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम |

| | | | |
|---|---|---|---|
| | | | बिगो असुल उपर हुन एवं निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद-२ (भ्रष्टाचार कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। |
| २. | पशु अस्पताल तथा पशु सेवा कार्यालय रूकुम पश्चिमका तत्कालीन पशु विकास अधिकृत तथा निमित्त कार्यालय प्रमुख **सुवर्ण सिंह ठकुरी** | रू.९१,१७,८७३।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन एवं भए गरेका कुरा लुकाई छिपाई एवं नभए नगरेका कुरा देखाई प्रतिवेदन दिए दिन लगाएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ३. | पशु अस्पताल तथा पशु सेवा कार्यालय रूकुम पश्चिमका पशु स्वास्थ्य अधिकृत तथा तत्कालीन निमित्त कार्यालय प्रमुख **ज्ञानु कुमार शर्मा** | रू.९१,१७,८७३।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा गरेको पुष्टि हुन आएको हुँदा बिगो एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ४. | पशु अस्पताल तथा पशु सेवा कार्यालय रूकुम पश्चिमका पशु सेवा अधिकृत **शेर बहादुर खड्का** | रू.९१,१७,८७३।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा बिगो एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ५. | पशु अस्पताल तथा पशु सेवा कार्यालय, रूकुम पश्चिमका लेखा अधिकृत **यम बहादुर पुन** | रू.९१,१७,८७३।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रुपैयाँ लाई कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ६. | कृषि विकास कार्यालय रूकुम पश्चिमका कृषि अधिकृत **मिन बहादुर के.सी.** | रू.९१,१७,८७३।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रुपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| ७. | आठबीसकोट नगरपालिका रूकुम पश्चिमका प्रमुख प्रशासकीय अधिकृत **मणिराज शाह** | रू.८०,२३,०५१।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो असी लाख तेइस हजार एकाउन्न रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| ८. | आठबीसकोट दुग्ध सहकारी संस्था लि.का अध्यक्ष **जनक बटाला** | रू.९१,१७,८७३।—<br>रू.८०,२३,०५१।— | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो चिस्यान केन्द्र निर्माण तर्फको एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रुपैयाँ तथा गाडी खरिदतर्फको बिगो असी लाख तेइस हजार एकाउन्न रूपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को |

| | | | |
|---|---|---|---|
| | | | दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन तथा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| ९. | आठबीसकोट दुग्ध सहकारी संस्था लि.का उपाध्यक्ष **वीर बहादुर रोकाय** | रू.९१,१७,८७३।—<br>रू.८०,२३,०५१।— | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो चिस्यान केन्द्र निर्माण तर्फको एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रुपैयाँ तथा गाडी खरिदतर्फको बिगो असी लाख तेइस हजार एकाउन्न रूपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन तथा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| १०. | आठबीसकोट दुग्ध सहकारी संस्था लि.का सचिव **गोविन्द प्रकाश खड्का** | रू.९१,१७,८७३।—<br>रू.८०,२३,०५१।— | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो चिस्यान केन्द्र निर्माण तर्फको एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रुपैयाँ तथा गाडी खरिदतर्फको बिगो असी लाख तेइस हजार एकाउन्न रूपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी भ्रष्टाचार |

| | | | |
|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन तथा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| ११. | आठबीसकोट दुग्ध सहकारी संस्था लि.का कोषाध्यक्ष **जुन कुमारी चनेल** | रू.९१,१७,८७३।—<br>रू.८०,२३,०५१।— | मुख्य कसुरदारहरूले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो चिस्यान केन्द्र निर्माण तर्फको एकानब्बे लाख सत्र हजार आठ सय त्रिहत्तर रुपैयाँ तथा गाडी खरिदतर्फको बिगो असी लाख तेइस हजार एकाउन्न रूपैंया कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैद गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन तथा मुख्य कसुरदारहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्याश बमोजिम मुख्य कसुरदार सरह सजाय हुनसमेत मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने